आज मिति २०७७।०४।१४ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री शरद कुमार पोखरेलको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्र CMC दार्चुलाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

- प्र.जि.अ. - श्री शरद कुमार पोखरेल
- जि.स.स. प्रमुख - श्री करविर सिंह कार्की
- गुल्मपति।सेनानी - श्री श्यामराजा विक्रम थापा
- प्र.ना.उ. - श्री पदम बहादुर बिष्ट
- स.प्र.ना.उ. - श्री डम्बर बहादुर बिष्ट
- प्र.अ.अ. - श्री प्रज्वल खड्का
- जि.स.अधिकारी - श्री मोहन सिंह धामी
- मेडिकल सुपरिटेन्डेन्ट - डा.श्री गजेन्द्र दुवाल
- जनस्वास्थ्य अधिकृत - श्री जयराज भट्ट
- स.प्र.जि.अ. - श्री टेक सिंह कुँवर
- ने.रे.सो.दार्चुला शाखा मन्त्री - श्री दिपक प्रसाद अवस्थी
- (अध्यक्ष) ने.पत्रकार महासंघ, दार्चुला शाखा - श्री शंकर सिंह धामी
- खेती महाकाली ब.प्रा.लि.का सचिव - श्री सर्पराज बडू

**निर्णयहरु**

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १९२ मिति २०७७।०४।११ गतेको मास्क नलगाउने विरुद्ध कारवाही सम्बन्धी पत्र बैठकमा अवगत भयो । सो सम्बन्धमा नेपाल सरकारद्वारा जारी आदेशको बर्खिलाप हुने गरी स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी, मास्क विना मानिसहरुको आवतजावत हुने, भिडभाड हुने, सामाजिक दूरी कायम नगर्ने प्रवृत्तिले कोभिड-१९ को जोखिम भयाबह हुने अवस्था बिद्यमान रहेकोले जिल्लास्थित सुरक्षा संयन्त्रबाट निगरानी र चेकजाँच गरी स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य पालना गर्ने/गराउने । विना मास्क घर बाहिर निस्कने प्रवृतिलाई निरुत्साहित गर्ने र अटेर गर्ने उपर संक्रामक रोग ऐन,२०२० बमोजिम कारवाही गर्ने ।

२. जिल्ला भित्र सञ्चालन हुने सार्वजनिक तथा निजी सेवाप्रदायक यातायातका यात्रु बोक्ने छोटो दूरीका सवारी साधनहरुले जनस्वास्थ्य मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी सञ्चालन हुन दिने तथा अत्यावश्यक काममा अन्तरजिल्ला आवागमन गर्नु परेमा जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र सञ्चालन हुन पाउने ।

प्रमुख जिल्ला अधिकारी